नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(प्रशासन शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०७७-७८

चलानी नं. : प्र./३११/२३८६

मिति : २०७७।०८।१९

**बिषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।**

**श्री लगानी बोर्डको कार्यालय, नयाँबानेश्वर ।**
**श्री राजश्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुर ।**
**श्री सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक, ललितपुर ।**
**श्री राष्ट्रिय अनुसन्धान विभाग, बरफबाग, सिंहदरबार ।**

विश्वव्यापी महामारीको रूप लिएको कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७७।०८।१० मा देहाय बमोजिम भएको निर्णय कार्यान्वयनको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

१. कोभिड-१९ को सङ्क्रमणका कारण क्वारेन्टिन वा आईसोलेशनमा बसी वा अस्पताल भर्ना भई कार्यालयमा उपस्थित हुन नसकेका सरकारी तथा अर्ध सरकारी निकाय एवं कार्यालयमा कार्यरत कर्मचारीहरुका हकमा सम्बन्धित कार्यालय प्रमुखले क्वारेन्टिन वा आईसोलेशनमा बसेको वा अस्पताल भर्ना भएको व्यहोरा प्रमाणित गरी क्वारेन्टिन वा आईसोलेसनमा बसेका कर्मचारीहरुलाई बढीमा १४ दिन र अस्पताल भर्ना भई उपचार गराएका कर्मचारीहरुलाई अस्पतालमा उपचार गराउँदाको अवधिभर सार्वजनिक विदा कायम गरी दिने । निजी संघ संस्थाका हकमा समेत सोही अनुसारको व्यवस्था गर्न गराउन अनुरोध गर्ने।

२. सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारी कोभिड-१९ बाट संक्रमित भएमा वा कन्टयाक्ट ट्रेसिङ्गमा परेमा त्यस्ता पदाधिकारी वा कर्मचारीबाहेक अन्य कर्मचारी/पदाधिकारीबाट सार्वजनिक सेवालाई निरन्तरता दिने व्यवस्था मिलाउने। यसको नियमित अनुगमन सम्बन्धित मन्त्रालय र प्रदेश संकट व्यवस्थापन केन्द्र (PCCMC)/ जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) ले गर्ने ।

**बोधार्थः**

श्री सूचना प्रविधि शाखा, प्र.म.तथा म.प.को कार्यालय - वेबसाइटमा राख्ने व्यवस्थाको लागि ।

(प्रज्वल घिमिरे)
शाखा अधिकृत

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np